# सभाध्यक्षको नयाँ प्रस्ताव; दलहरुलाई तीव्र दबाब

भुवन केसी/तिलक पाठक

***प्रकाशित मितिः*** पुस ३०, २०७१

संविधनसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले सहमति गर्न नसके संविधानको मस्यौदा तयार पार्न आफूलाई जिम्मा दिन आग्रह गरेपछि राजनीतिक वृतमा नयाँ खालको तरङ प्रवाह भयो । अध्यक्षको प्रस्तावले संविधानका विवादित विषयमा सहमति जुटाउन थप दबाब परेपनि दिइएको समयमा सहमति जुटाउन राजनीतिक दलहरु अक्षम भए । संविधानसभामा अडकिरहेको संविधानका असहमतिका विषय संविधानसभाबाट पुन : राजनीतिक सहमति तथा संवाद समितिमा गएपनि सहमति जुटेन । दलहरुबीच वार्ता र संवाद धेरै भए । सहमतिमा पुग्नका लागि दबाब दिने काम जारी रहेपनि संविधानका विवादित विषय ज्यूका त्यूँ रहे ।

## हलचलसहितको प्रस्ताव

राजनीतिक दलहरुबीच सहमति नभएको र संविधानसभा बैठक पनि प्रभावकारी नभएको बेला संविधानसभा अध्यक्ष नेम्वाङले संविधानको विवादास्पद विषयमा सहमति कायम गर्न राजनीतिक दलहरुलाई चार दिनको समय दिए । त्यसभित्र सहमति कायम गर्न नसके संविधानको मस्यौदा तयार पार्ने जिम्मेवारी आफूलाई दिन पनि उनले आग्रह गरे । ‘सहमति गर्नुहोस् । सहमति गर्न सक्नुभएन भने तपाईको अप्ठायारो म फुकाइदिन्छु । त्यो जिम्मेवारी मलाई दिनुहोस् । देश र जनताकाबीचमा तपाईं सबैका तर्फबाट त्यो कालकुट विष पिउन म तयार छु’, कार्यव्यस्था परामर्श समितिको बैठकमा आफूले भनेको कुरा जानकारी दिँदै नेम्वाङले भनेका थिए । साथसाथै माघ ८ गते संविधान जारी गर्ने हो भने प्रक्रिया छोट्ट्याएर जान सकिने भन्दै लिखित रुपमा खाका समेत पेश गरे ।

संविधानसभा अध्यक्षको प्रस्तावप्रति एमाले अध्यक्ष केपी शर्मा ओली र काँग्रेस सभापति सुशील कोइराला सकारात्मक थिए ।  ‘सुशीलजी (प्रधानमन्त्री) र मैले संविधानका अन्तर्वस्तुमा सहमति नभए प्रक्रिया अघि बढाउने संविधानसभा अध्यक्षको प्रस्तावलाई समर्थन गर्‍यौ’[1],एमाले अध्यक्ष केपी शर्मा ओलीले बैठकमा भएको जानकारी दिँदै पत्रकारसँग भनेका थिए । नेम्वाङको प्रस्तावले एमाओवादी र मधेशी नेताहरु भने झस्किए । तैपनि एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले भने, ‘अझै समय बाँकी छ, सहमतिमै नयाँ संविधान जारी गर्नुपर्छ, सभाध्यक्षलाई एक्लै कालकुट विष पिउन दिँदैनौ ।’[2]

बैठकमा सकारात्मक रुपमा प्रस्तुत भएपनि संविधानसभा अध्यक्षको प्रस्तावप्रति काँग्रेस नेताहरुले शंका पनि गरे । संविधान मस्यौदा समितिका सभापतिसमेत रहेका काँग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले आफूहरुसँग सल्लाह नै नगरी अध्यक्ष नेम्वाङले प्रस्ताव लिएको भन्दै सबै दलका सभासद्हरुले समर्थन गरेनन् भने सभाध्यक्षको तटस्थताको भूमिका समाप्त हुने बताए ।[3] त्यसको अर्को दिन एमाओवादीका प्रवक्ता दिनानाथ शर्माले पत्रकार सम्मेलन गरी एमालेको योजनामा संविधानसभा अध्यक्षले नयाँ प्रस्ताव

[1] पाण्डे, बलराम । पुस १८, २०७१ । पहिलो मस्यौदाको जिम्मा मलाई दिनुस् । नागरिक, पृ.१ ।
[2] पाण्डे, बलराम । पुस १८, २०७१ । पहिलो मस्यौदाको जिम्मा मलाई दिनुस् । नागरिक, पृ.१ ।
[3] पुस १७, २०७१ । कान्तिपुर टिभी ।

ल्याएको भन्दै विरोध गरे । एमाओवादी नेतृत्वको संयुक्त लोकतान्त्रिक गठबन्धनको बैठकले पनि संविधानसभा अध्यक्षको प्रस्तावको विरोध गर्दै सो प्रस्तावलाई अस्वीकार गर्ने निर्णय गऱ्यो । संविधानसभाको छलफलका क्रममा पनि सभासद्हरु पक्ष र विपक्षमा विभाजित भए । काँग्रेस र एमालेका सभासद्हरु अध्यक्ष नेम्वाङको प्रस्तावप्रति सकारात्मक भएपनि एमाओवादी र मधेशवादी दलका नेताहरुले त्यसको विरोध गरे ।

संविधान निर्माणमा अध्यक्षको भूमिकाबारे समेत कुरा उठन थालेपछि नेम्वाङले त्यसबारे छलफल गर्न रुलिङ नै गरे । पार्टीगत रुपमा विभाजित भएका बेला काँग्रेस, एमाले, राप्रपा र जनमोर्चाका सभासद्हरुले अध्यक्ष नेम्वाङलाई भेटी माघ ८ गते संविधान जारी गर्नका लागि आफूहरुले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । सोही दिन संविधान मस्यौदा समितिको बैठक बसी संविधानको मस्यौदा समितिबाट नै बनाउनुपर्ने निर्णय गऱ्यो । सभापति सिटौलाले संविधानसभाले तत्काल सामग्री पठाइदिए सात दिनभित्र मस्यौदा तयार पार्ने बताए ।[4] संविधानका विवादित विषयमा सहमति जुटाउनका लागि दबाब सिर्जना गर्न संविधानसभा अध्यक्ष नेम्वाङले काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाका नेताहरुसँग भेटघाट गरे ।

### फेरि पनि असफल

संविधानसभा अध्यक्षको नयाँ प्रस्ताव आएपछि राजनीतिक दलहरुले छलफललाई तीव्रता दिए । संविधानका विवादित विषयमा छलफल गर्न भन्दै काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलहरुको पटक-पटक छलफल भयो । प्रधानमन्त्री सुशील कोइरालाले यसबारे एमाले अध्यक्ष ओली, एमाओवादी अध्यक्ष दाहाल र मधेशी नेताहरुसँग वार्ता गरे । उनले द्विपक्षीय र त्रिपक्षीय वार्ता पनि गरे । तर, त्यसो गर्दा पनि संविधानसभाका अध्यक्ष नेम्वाङले दिएको समयसीमामा सहमति जुटाउन राजनीतिक दलका नेताहरु अक्षम भए ।

त्यसपछि पुस २२ गते काँग्रेस र एमालेले छलफल गरी एमाओवादी र मधेशी मोर्चासँग निर्णायक वार्ता गर्ने निर्णय गरे । पुस २३ गते बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलको संयुक्त बैठक हुँदा एमाले अध्यक्ष ओलीले आफूहरुलाई अपमान गरेको भन्दै मधेशी मोर्चाका नेताहरु बैठकको बीचमै निस्किए । 'उहाँहरु (मधेशवादी दल) सम्म (भुभाग) जति सबै चाहियो भन्नुहुन्छ । कहाँ-कहाँ छ सम्म जमिन । को कस्का आँगन चाहिए । आँगन पनि सम्मै हुन्छ । छिमेकिको युपि र बिहार पनि फेरि दाबी गर्नुहुन्छ कि, सम्म देखिपछि चाहियो भनेपछि । यस्तो कुराको कुनै तुक हुँदैन । नचाहिने कुरा गर्नुहुँदैन', बैठकपछि पत्रकारसँग कुरा गर्दै ओलीले भनेका थिए ।

सदभावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको भनाइ चाहिँ यस्तो थियो, 'नेपाललाई संघीयतामा लैजाने राज्य पुनर्संरचना नेपालको भूभागलाई गर्ने हो । भारतको भूभागलाई राज्यपुनर्संरचना गर्ने कुरा थिएन । उहाँले बिहार र युपिको कुरा किन गर्नुभयो । यस प्रकार सहमतिको जुन वातावरण बनेको थियो, त्यसलाई उहाँ (ओली)ले असहज गरिदिनुभयो ।' सोही दिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठक

[4] पाण्डे, बलराम । पुस २१, २०७१ । सात दिनमा मस्यौदा दिन्छौ । नागरिक, पृ.१ ।

बसी ओलीले माफी नमाग्दासम्म एमालेसँग वार्तामा सँगै नबस्ने निर्णय गरे ।[5] त्यस अतिरिक्त ओलीको विपक्षमा देशका विभिन्न ठाउँमा प्रदर्शन पनि गरे ।

उता, संवाद समितिको प्रतिवेदनमाथि संविधानसभामा छलफल जारी रह्यो । संविधानसभामा छलफल हुने तर कसरी अघि बढने भन्ने अन्योल जारी रहेका बेला काँग्रेस, एमाले र एमाओवादीका शीर्ष नेताहरुको बैठकले संविधानका विवादित विषयलाई संविधानसभाबाट पुनः संवाद समितिमा फर्काउने निर्णय गऱ्यो । पुस २४ गते बसेको संविधानसभाको बैठकले संविधानका विवादित विषयमा सहमति जुटाउन संवाद समितिलाई चार दिनको समय दियो । त्यतिबेला संविधानसभा अध्यक्ष नेम्वाङले फर्काइएको प्रतिवेदन तोकिएको मितिमा संविधानसभामा नआए कुरेर नबस्ने चेतावनी दिएका थिए ।[6] त्यसको अर्को दिन बसेको संवाद समितिको बैठकले सहमति गर्ने जिम्मेवारी सभापति भट्टराईलाई दियो । त्यसपछि भट्टराईले राजनीतिक भेटघाटलाई तीव्रता दिए ।

यसैबीच पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा एमाले अध्यक्ष ओलीले हो हल्लाबीच पनि माघ ८ गते संविधान जारी गर्ने बताए । '२०७१ माघ ८ गते संविधान जारी गरी संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने र मुलुकलाई राजनीतिक स्थायित्व, दिगो शान्ति र समृद्धिको दिशामा अगाडि बढाउने प्रतिबद्धता मुख्य दलहरुको साझा राजनीतिक प्रतिबद्धता हो । दोस्रो संविधानसभा निर्वाचनका बेला सबैजसो दलहरुबाट यस्तो प्रतिबद्धता घोषणापत्रमार्फत सार्वजनिक गरिएको थियो । यसै पृष्ठभूमिमा यसलाई संविधानसभाले नियमावली र कार्यतालिकामार्फत सर्वसम्मत रुपमा संस्थागत रुप दिएको थियो, एमालेले भन्यो-सार्वभौम जनतासामू लिखित र मौखिक रुपमा गरिएको यस प्रतिबद्धताको पालना गर्नु र संविधानसभाको कार्यतालिकाको अवलम्बन गर्नु हाम्रो कानूनी र नैतिक दायित्व समेत हो । त्यसैले नेकपा एमाले माघ ८ गतेभित्रै संविधान जारी गरिनुपर्छ भन्ने मान्यतामा दृढ संकल्पका साथ क्रियाशिल छ ।'[7]

संवाद समितिका सभापति भट्टराईले नेताहरुसँग छुट्टा छुट्टै र चरणबद्ध रुपमा छलफल चलाए । तरपनि सहमति हुन छाँटकाँट देखिएन । काँग्रेस र एमालेले छुट्टै वार्ता गरी सहमति नभए प्रकृयामा गएर भए पनि माघ ८ गते संविधान ल्याउनुपर्नेमा जोड दिए । यही बेला बसेको एमाओवादीसहित १९ दलीय मोर्चाको बैठकले संविधान निर्माणलाई प्रकृयामा जान नदिने निर्णय गऱ्यो । संवाद समितिका सभापति भट्टराईले छलफल गर्दा पनि सहमति हुन नसकेपछि अहसहमतिका विषयमा सहमति हुन सकेन भनेर प्रतिवेदन बुझाउने निर्णय गरे । पुस २९ गते संवाद समितिका सभापति भट्टराईले संविधानसभा अध्यक्ष नेम्वाङलाई प्रतिवेदन बुझाए । सोही दिन बसेको संविधानसभाको बैठकमा संवाद समितिका सदस्य समेत रहेका सूर्यबहादुर थापाले प्रतिवेदन पेश गरे । बन्दको दिन डाकिएको भन्दै एमाओवादी र मधेशवादी दलहरुले संविधानसभा बैठक बहिस्कार गरे ।

---

[5] संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले २०७१ साल पुस २३ गते जारी गरेको प्रेस विज्ञप्ति ।

[6] ढुंगाना, चिरञ्जीवी र साउद, नरेन्द्र । पुस २५, २०७१ । प्रतिवेदन नफर्के पनि अब रोकिन्न । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[7] नेकपा एमालेले २०७१ साल पुस २६ गते जारी गरेको प्रेस विज्ञप्ति ।

### विपक्षीहरुको साझा अवधारणा

काँग्रेस, एमाले लगायतका राजनीतिक दलहरुले साझा अवधारणा सार्वजनिक गरेको धेरै समयपछि एमाओवादी नेतृत्वको ३० दलीय गठबन्धनले पनि संविधानका अन्तर्वस्तुबारे साझा अवधारणा सार्वजनिक गऱ्यो । अवधारणामा मुलुकको शासन व्यवस्था मिश्रित प्रणाली हुने उल्लेख गरियो । 'शासन प्रशासनमा आम जनताको पहुँच र सहभागिता स्थापित गर्नका लागि जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रिपति र संसदबाट निर्वाचित प्रधानमन्त्रीसहितको मिश्रित शासकीय स्वरुप हुनेछ । राष्ट्रपति र प्रधानमन्त्रीको काम, कर्तव्य र अधिकार संविधानद्वारा नै निर्धारित गरिनेछ'[8], ३० दलीय गठबन्धनको साझा प्रस्तावमा उल्लेख थियो ।

संघीयताको संख्यामा दलबीच विवाद भइरहेका बेला मार्चाले अघिल्लो संविधानसभाको राज्यशक्तिको बाडफाँट तथा राज्यपुनर्सरचना समितिको प्रतिवेदनलाई आधार बनाउँदै संघीयतामा १० वटा प्रदेश अघि सार्‍यो जसमा लिम्बुवान, किराँत/खुम्बुवान, शेर्पा, ताम्सालिङ/तामाङसालिङ, नेवा, तमुवान, मगरात, थरुहट/थरुवान, कर्णाली/ खसान र मधेश प्रदेश छन् । प्रदेशभित्र विशेष संरचना खडा गर्न सकिने पनि ३० दलीय गठबन्धनको भनाइ छ ।

यस्तै महिला, दलित, आदिबासी, जनजाति (हिमाल, पहाड, तराइ), पिछडिएको क्षेत्र, मधेसी, र खस आर्य, मुस्लिम, पिछडा एवं विपन्न वर्ग लगायत सबैका पहिचान र समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्ने पनि साझा प्रस्तावमा उल्लेख थियो । प्रतिनिधिसभा २ सय ३५ सदस्यीय र राष्ट्रिय सभा ६५ सदस्यीय हुनुपर्ने पनि गठबन्धनको साझा प्रस्ताव थियो । यस्तै स्वतन्त्र, निष्पक्ष, सहज न्याय प्राप्तिका लागि समानुपातिक समावेशी न्याय प्रणाली निर्माण र व्यवस्थित गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत गठित विवाद समाधान उपसमितिले दिएको प्रतिबेदन बमोजिम सर्वोच्च अदालत, संवैधानिक अदालत, उच्च अदालत, स्थानीय अदालतसहितका अदालतहरु रहने र न्यायाधीशहरुको नियुक्ति, सरुवा र कार्वाहीका लागि संघीय न्यायीक आयोग र प्रादेशिक आयोग व्यवस्था हुने पनि साझा प्रस्तावमा उल्लेख गरिएको थियो ।

### विपक्षीहरु आन्दोलनमा

काँग्रेस, एमाले लगायतका दलहरुले सहमति नभए प्रक्रियामा जाने चेतावनी दिइरहेका बेला एमाओवादी नेतृत्वको मोर्चाले पनि संवाद र सडक आन्दोलनलाई सँगसँगै अघि बढायो । संविधानका विवादित विषयमा सहमति खोज्न भन्दै प्रधानमन्त्री र मुख्य दलहरुसँग छलफल जारी रहेका रहेका बेला एमाओवादी नेतृत्वको मोर्चाले पहिचानसहितको संघीयता हुनुपर्ने र संविधानसभाबाट संविधान जारी हुनुपर्ने माग गर्दै पुस १९ गतेदेखि सकड आन्दोलन सुरु गऱ्यो । एमाओवादी अध्यक्ष दाहालले वार्ताबाट परिवर्तनका मुद्दा सम्बोधन नहुने भएकाले सडक आन्दोलन अपरिहार्य भएको बताए ।[9]

---

[8] संविधान निर्माणको विषयमा ३० दलीय गठबन्धनले २०७१ साल पुस २१ गते सार्वजनिक गरेको साझा प्रस्ताव ।

[9] वार्ताबाट केही ननिक्लने भो । पुस २८, २०७१ । कान्तिपुर, पृ.१ ।

त्यतिमात्र होइन, बहुमतका आधारमा अघि बढन खोजे संविधानसभामा प्रतिवाद गर्ने भन्दै एमाओवादीले त्यसका लागि तयार हुन सभासद्हरुलाई निर्देशन समेत दियो । एमाओवादीसहितको मोर्चाले पुस २५ गते उनीहरुले भन्ने गरेको खसान खप्तड र कर्णाली, २७ गते किराँत, लिम्बुवान, मगरात र तमुवान , २८ गते थरुहट र मधेश, २९ गते नेवा र ताम्सालिङ बन्द आयोजना गऱ्यो । एमाओवादीसहितको मोर्चालाई मोहन बैद्य नेतृत्वको नेकपा माओवादीले पनि साथ दियो ।

## दबाब जारी

दलहरुबीच सहमति नभएर माघ ८ गते संविधान जारी हुने संभावना झन् झन् क्षीण हुँदै गइरहेका बेला शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जाल, सभासद्सहित विभिन्न संघसंस्थाहरुले दबाबमुलुक कार्यक्रम जारी राखे । काँग्रेस, एमाले लगायतका साना केही दलका सभासद्हरुले एमाओवादी अध्यक्ष दाहाललाई भेटी संविधान जारी गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरे । युवा सभासद्हरुले सहमति नभए प्रकृयाबाट अघि बढ्न नेतृत्वलाई थप दबाब दिने निर्णय गरे । यस्तै लोकतान्त्रिक विचार समाजले नयाँ वानेश्वरमा धर्ना दियो । त्यति मात्र होइन, सञ्चारसँग आवद्ध नेपाल मिडिया सोसाइटी, टेलिभिजन ब्रोडकास्टर नेपाल, ब्रोडकास्टिङ एसोसियसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ र रेडियो प्रसारक मञ्चले माघ ८ गते संविधान जारी गर्नका लागि दबाब दिन मिडियामा काउन्टडाउन राख्ने निर्णय गरे । 'शान्ति प्रक्रियालाई पूर्णता दिन, परिवर्तनका एजेण्डालाई संस्थागत गर्न, सक्रमणकालको अन्त्य र राजनीतिक स्थिरता कायम गरी मुलुकलाई सम्वृद्धिको बाटोमा हिडाउन एवं प्रेस स्वतन्त्रता र नागरिक हक अधिकारको प्रत्याभूतिका लागि चाँडो भन्दा चाँडो लोकतान्त्रिक संविधान जारी हुनु अपरिहार्य छ ।'[10]

## निष्कर्ष

संविधानसभाको प्रकृया अनुसार संविधानसभा अध्यक्षले संविधानको मस्यौदा तयार पार्ने जिम्मेवारी माग्नु स्वभाविक थिएन । तर, यो दलहरुका लागि सहमति गर्ने अर्को अवसर थियो । तैपनि दलहरु सहमति गर्न नसकेर विफल भए । उनीहरुले नत सहमति गरे नत मस्यौदा तयार पार्ने जिम्मेवारी अध्यक्ष नेम्वाङलाई दिन नै तयार भए । यसले राजनीतिलाई सहज होइन, थप असहज बनाइदियो । यस अतिरिक्त संवाद समिति पनि सहमति जुटाउन अक्षम भयो । प्रश्नावली पनि तयार नपार्ने र सहमति जुटाउन नसक्ने हुँदा अर्को नयाँ समिति गठन गर्ने कि नगर्ने भन्नेमा संविधानसभा अध्यक्ष अन्योलमा परे । यस्तै दलहरुबीच सहमति हुने बेलामा आरोप प्रत्यारोप चलिरह्यो । उनीहरुलाई सहमतिमा पुग भनेर दबाब पनि बढ्यो । तर, सत्तारुढ दल र प्रतिपक्षीबीच बढेको विवादले माघ ८ गते सहमतिमा मात्र होइन, दुई तिहाइ बुहमतका आधारमा समेत संविधान जारी हुने सम्भावना पनि टऱ्यो ।

---

[10] नेपाल पत्रकार महासंघ, नेपाल मिडिया सोसाइटी, टेलिभिजन ब्रोडकास्टर्स नेपाल, ब्रोडकास्टर्स एसोसियसन अफ नेपाल, सामुदायिक रेडियो प्रसारक संघ र रेडियो प्रसारक मञ्च नेपालले २०७१ साल पुस २८ गते जारी गरेको प्रेस विज्ञप्ति ।

## मुख्य राजनीतिक घटनाक्रम

**पुस १७ :**

- संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङद्वारा संविधानका विवादित विषयमा सहमति कायम गर्न दलहरुलाई चार दिनको समय । सहमति गर्न नसके मस्यौदाको जिम्मेवारी आफूलाई दिन आग्रह ।

**पुस १८:**

- संविधानसभा अध्यक्षको भनाइप्रति सभासद्हरुबीच मतान्तर । काँग्रेस र एमालेका सभासद एकातिर, एमाओवादी र मधेशवादी दलका सभासद्हरु अर्कातिर ।

- संविधानका विवादित विषयमा काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलहरुबीच छलफल ।

- एमाओवादी प्रवक्ता दिनानाथ शर्माद्वारा पार्टी कार्यालयमा पत्रकार सम्मेलन । एमालेको योजना अनुसार नेम्वाङले प्रस्ताव ल्याएको आरोप ।

- राप्रपा नेपालद्वारा राजधानीको खुल्लामञ्चमा कार्यक्रम । तोकिएको समयमा संविधान जारी नभए काँग्रेस र एमालेले सत्ता छाडनुपर्ने अध्यक्ष कमल थापाको भनाइ ।

- शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जालको बैठक । माघ ८ गते संविधान जारी गर्नका लागि युवा सभासद् र संविधानसभा अध्यक्षको प्रयास सकारात्मक भएको निष्कर्ष ।

**पुस १९ :**

- संविधानका विवादित विषयमा काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाको बैठक ।

- पहिचानसहितको संघीयता र संविधानसभाबाट संविधान जारी हुनुपर्ने माग गर्दै एमाओवादी नेतृत्वको ३० दलीय मोर्चाको आन्दोलन शुरु । देशका विभिन्न स्थानमा कार्यक्रम ।

- प्रधानमन्त्री सुशील कोइरालाद्वारा एमाले अध्यक्ष केपी शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल र मधेशी मोर्चाका नेताहरुसँग भेटघाट । संविधान निर्माणबारे छलफल ।

- तराई मधेश राष्ट्रिय अभियानका संयोजक जयप्रकाश गुप्ता र नेपाल सदभावना पार्टीकी अध्यक्ष सरिता गिरीद्वारा संयुक्त पत्रकार सम्मेलन । समग्र मधेश प्रदेशको मागसहित आन्दोलनमा जाने घोषणा ।

- संयुक्त लोकतान्त्रिक गठबन्धनको बैठक । सहमति गर्न आफूलाई मस्यौदा तयार पार्न जिम्मा दिनुपर्ने संविधानसभा अध्यक्ष नेम्वाङको प्रस्ताव अस्वीकार ।

**पुस २० :**

- प्रधानमन्त्री सुशील कोइरालाद्वारा संविधानका विवादित विषयमा सहमति जुटाउन भन्दै द्विपक्षीय तथा त्रिपक्षिय वार्तालाई तीव्रता ।
- काँग्रेस, एमाले, राप्रपा, राष्ट्रिय जनमोर्चा लगायतका दलहरुका सभासद्हरुद्वारा संविधानसभा अध्यक्ष नेम्वाङसँग भेट । माघ ८ गते संविधान जारीका लागि सहयोग गर्ने प्रतिबद्धता ।
- संविधानसभा मस्यौदा समितिको बैठक । संविधानको मस्यौदा समितिबाटै बनाउनुपर्ने निष्कर्ष ।

**पुस २१ :**

- संविधानका विवादित विषयमा सहमति जुटाउन संविधानसभा अध्यक्षले दलहरुलाई दिएको समयसीमा समाप्त । सहमति जुटाउन दलहरु अक्षम ।
- एमाओवादी नेतृत्वको ३० दलीय मोर्चाको बैठक । आफूहरुलाई पेल्न खोजे सडक र संविधानसभाबाट प्रतिवाद गर्ने निर्णय । १० प्रदेश लगायतको अवधारणा पनि सार्वजनिक ।

**पुस २२ :**

- काँग्रेस र एमालेको बैठक । एमाओवादीसँग निर्णायक वार्ता गर्ने निर्णय ।
- एमाओवादी संसदीय दलको बैठक । संघर्षका लागि तयार हुन निर्देशन ।
- आदिबासी जनजाति राष्ट्रिय आन्दोलन नेपालद्वारा नयाँ संविधानमा पहिचानसहितको संघीय राज्य व्यवस्था हुनुपर्ने माग गर्दै वानेश्वरमा धर्ना शुरु ।

**पुस २३ :**

- बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस, एमाले, एमाओवादी र मधेशवादी दलको बैठक । एमाले अध्यक्ष केपी शर्मा ओलीले अपमान गरेको भन्दै मधेशी मोर्चाद्वारा बैठक बहिस्कार ।
- संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको बैठक । एमाले अध्यक्ष ओलीले माफी नमाग्दासम्म वार्तामासँगै सहभागी नहुने निर्णय ।
- संविधानसभा अध्यक्ष नेम्वाङद्वारा काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाका नेताहरुसँग छलफल ।
- काँग्रेस, एमाले लगायतका केही साना दलका सभासद्हरुद्वारा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई ज्ञापनपत्र । माघ ८ गते संविधान जारी गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह ।

- माघ ८ गते संविधान जारी गर्न दबाब दिँदै लोकतान्त्रिक विचार समाजद्वारा नयाँ वानेश्वरमा धर्ना ।

**पुस २४:**

- मधेशलाई होच्याएको भन्दै संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाद्वारा एमाले अध्यक्ष ओलीको विरोधमा देशका विभिन्न भागमा प्रदर्शन ।
- काँग्रेस, एमाले र एमाओवादीका शिर्ष नेताहरुको बैठक । संविधानका विवादित विषयलाई संविधानसभाबाट पुनः संवाद समितिमा फर्काउने निर्णय ।
- संविधानसभाको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउन संवाद समितिलाई चार दिनको समय ।

**पुस २५:**

- संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सहमति गर्ने जिम्मेवारी सभापतिलाई । सभापतिद्वारा राजनीतिक भेटघाट तीव्र ।
- सत्तारुढ दलहरुको युवा सभासद्हरुको भेला । दलहरुबीच सहमति नभए प्रक्रियाअनुसार अघि बढ्न दबाब दिने निर्णय ।

**पुस २६:**

- एमालेद्वारा पार्टी कार्यालयमा पत्रकार सम्मेलन । होहल्लाबीच पनि माघ ८ गते संविधान जारी गर्ने एमाले अध्यक्ष ओलीको भनाइ ।
- संवाद समितिका सभापति बाबुराम भट्टराईद्वारा राजनीतिक दलका नेताहरुसँग चरणबद्ध छलफल ।
- बालुवाटारस्थित प्रधानमन्त्री निवासमा काँग्रेस र एमालेद्वारा सत्ताका सहयोगी साना दलका नेताहरुसँग छलफल ।

**पुस २७:**

- संवाद समितिको बैठक । सभापति भट्टराईद्वारा दलहरुसँग भएका वार्ताबारे सदस्यहरुलाई जानकारी ।
- संवाद समितिका सभापति भट्टराईद्वारा काँग्रेस, एमाले, एमाओवादी, मधेशी मोर्चा, राप्रपा लगायतसँग छलफल ।

- काँग्रेस र एमालेबीच वार्ता । सहमति नभए प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान ल्याउनुपर्ने निष्कर्ष ।
- एमाओवादी सहित १९ दलीय मोर्चाको बैठक । संविधान निर्माणलाई प्रकृयामा जान नदिने निर्णय ।

**पुस २८:**

- संवाद समितिको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउन नसकेको भन्दै सभापति भट्टराईद्वारा सहमति हुन सकेन भनेर प्रतिवेदन बुझाउने जानकारी ।
- एमाले संसदीय दलको बैठक । अध्यक्ष ओलीद्वारा माघ ८ गते संविधान जारी हुने सम्भावना कम रहेको जानकारी ।
- शान्ति र लोकतन्त्रका लागि पेशागत सञ्जालद्वारा सभासद्सँग अन्तर्क्रिया ।
- बन्दलाई सफल पार्न आग्रह गर्दै ३० दलीय मोर्चाद्वारा राजधानीमा सिठ्ठी जुलुस ।
- सञ्चारसँगसम्बद्ध संस्थाहरुद्वारा संविधान जारी गर्न दबाब दिँदै काउन्टडाउन राख्ने निर्णय ।

**पुस २९ :**

- संविधानसभा बैठक । एमाओवादी र मधेशवादी दल अनुपस्थित । संवाद समितिको प्रतिवेदन पेश ।
- नागेन्द्र कुमाल र लालबाबु यादव संविधानसभा सदस्य । संविधानसभा अध्यक्षद्वारा उनीहरुलाई सपथग्रहण ।
- एमाओवादी नेतृत्वको ३० दलीय मोर्चा र मोहन बैद्य नेतृत्वको नेकपा माओवादीद्वारा नेवा र ताम्सालिङ प्रदेश बन्द । जनजीवन प्रभावित ।